आज मिति २०७६।०३।०३ गते मंगलबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमला साह | उप प्रमुख | |
| ३ | श्री रणधीर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान महतो मल्लाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेवी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मगुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगदीश महतो | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोबी | सदस्य | |
| १५ | श्री बबिता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री सनिया देवी बनिया | सदस्य | |
| १८ | श्री रतन कुमारी | सदस्य | |
| १९ | श्री प्रमिला देवी | सदस्य | |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

आउँदो आ.व. ०७६।०७७ का लागि सिफारिस भएको माधव नारायण नगरपालिकाको नीति तथा कार्यक्रम अनुमोदन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. २

माधव नारायण नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा व्यापक छलफल भई कार्यपालिकाले स्वीकृत गरी नगर सभामा अनुमोदनका लागि पेश गरेको माधव नारायण नगरपालिकाको राजश्व र अनुदान प्राप्तिका विवरण नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

राजश्व परामर्श समितिबाट आ.व. ०७५।०७६ का लागि सिफारिस भएको र नगर कार्यपालिकाबाट स्वीकृत भई नगर सभामा पेश हुन आएको माधव नारायण नगरपालिकाको आर्थिक विधेयक २०७६ ले निर्धारण गरेको कर तथा गैर करका दरहरु, दायरा, श्रोत र क्षेत्र तथा आय प्रस्तावहरु नगर सभामा पेश गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. ४

माधव नारायण नगरपालिकाको राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा व्यापक छलफल भई कार्यपालिकामा पेश भएको माधव नारायण नगरपालिकाको आय व्यय अनुमान अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

माधव नारायण नगरपालिकाको राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका साथै एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा व्यापक छलफल भई कार्यपालिकामा पेश भएको माधव नारायण नगरपालिकाको गत आ.व.को यथार्थ, चालु आ.व.को संशोधित अनुमान र आगामी आ.व.को अनुमानित आय व्यय विवरण अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

राजश्व परामर्श समितिबाट आ.व. ०७५।०७६ का लागि सिफारिस भएको माधव नारायण नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, आर्थिक विधेयक २०७५ स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय न ७ :

माधव नारायण नगरपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत रहेका सम्पूर्ण करार तथा अस्थायी प्रकृतिका कर्मचारीहरुको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय न ८ :

माधव नारायण नगर कार्यपालिकाबाट आ व २०७६।०७७ मा सचालन हुने योजनाहरु बाट हुन आउने कन्टिनजेन्सी बापतको रकमलाई यस कार्यालयको प्रशासनिक खर्च तर्फ कायालयको निर्णय बमोजिम खर्च गर्ने निर्णय गरियो ।

निर्णय न ९ :

यस नगरपालिका कार्यरत कार्यालय सहयोगीहरु (सशर्त अनुदानबाट तलब भत्ता प्राप्त गर्ने कर्मचारी बाहेक)को तलब भत्ता नेपाल सरकारको मापदण्ड बमोजिम कायम गर्ने निर्णय गरियो ।

निर्णय न १० :

सहभागिता मूलक योजना तर्जुमा प्रक्रियाबाट आ व ०७६।०७७ को लागि टोल बस्ति स्तरबाट छनौट भई, वडा समितिबाट प्राथमिकीकरण भई, एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत ६ (छ) वटा विषयगत क्षेत्र हेर्ने विषयगत समितिहरुमा व्यापक छलफल भई नगर कार्यपालिकामा पेश भएको बार्षिक विकास कार्यक्रम (आयोजना कार्यक्रमको विवरण) र विषय क्षेत्रगत व्यय अनुमान, बार्षिक बजेट र नीति तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो । साथै नेपाल सरकारको वित्तिय हस्तान्तरण अनुदानभित्र समाहित भई आएको सशर्त अनुदान विषयगत मन्त्रालयको शर्त अनुसार खर्च गर्ने निर्णय गरियो ।

निर्णय न ११ :

माधव नारायण नगरपालिकाको एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट नगर कार्यपालिकामा पेश भएको माधव नारायण नगरपालिकाको आर्थिक वर्ष ०७६।०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, विनियोजन विधेयक २०७६ स्वीकृत तथा अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय न १२:

यस नगरपालिकामा आ व २०७५।२०७६ मा यस नगरपालिकाको मूल संचित कोष तथा अन्य खाताहरुबाट विभिन्न शिर्षकमा भएका सम्पूर्ण प्रकृतिका खर्चहरु तथा आ व २०७५।२०७६ मा सचालनमा आएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १३:

माधव नारायण नगरपालिकाको राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका साथै एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा व्यापक छलफल भई कार्यपालिकामा पेश भएको माधव नारायण नगरपालिकाको गत आ.व.को यथार्थ, चालु आ.व.को संशोधित अनुमान र आगामी आ.व.को अनुमानित आय व्यय विवरण अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १४:

माधव नारायण नगरपालिकाको राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा व्यापक छलफल भई कार्यपालिकामा पेश भएको माधव नारायण नगरपालिकाको आय व्यय अनुमान अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १५:

यस माधव नारायण नगरपालिकाको आ.व. ०७४/०७५ मा नगरपालिकाको कार्यालयको महालेखा परिक्षकको अन्तिम प्रतिवेदनमा औल्याईएको बेरुजु रकम फर्छ्यौटका लागि यस नगरपालिकाको सार्वजनिक लेखा समिति तपसिल बमोजिमका पदाधिकारी रहने गरी गठन गरियो । साथै सो समितिको निर्णय कार्यपालिकाबाट स्वीकृत भएको मानी अनुमोदनका लागि सोझै नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री वीरेन्द्र प्रसाद यादव (नगर प्रमुख) - संयोजक
२. श्री रणधिर प्रसाद यादव (व.अ.-१) - सदस्य
३. श्री दिलीप कुमार यादव (व.अ.-८) - सदस्य
४. श्री प्रलव कायस्थ (प्र.प्र.अ.) - सदस्य
५. श्री राम बलम प्रसाद यादव (लेखापाल) - सदस्य सचिव

निर्णय नं. १६:

यस माधव नारायण नगरपालिकाको आ. व ०७५/०७६ को आन्तरिक लेखा परिक्षण गौर स्थित श्री कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत गराउने निर्णय गरियो ।

निर्णय नं. १७

यस माधव नारायण नगरपालिकाको आ. व ०७६/०७७ को समष्टिगत योजना तथा कार्यक्रमहरु संचालन गर्ने तथा आ.व ०७५/०७६ को समिक्षाका लागि नगर सभाको तेस्रो अधिवेशन मिति २०७६।०३।१० गते मंगलबारका दिन आह्वान गर्ने निर्णय गरियो ।

आज मिति २०७६।०३।०३ गते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।

Scanned with CamScanner